कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# शुभम पावर लिमिटेड

# Shuvam Power Limited

रजिष्टर्ड कार्यालय: कमलादी, काठमाण्डौ, नेपाल
फोन नं.:०१-५९०२३३०
E-mail: shuvampower@gmail.com  Website: www.shuvamhydro.com.np

को

## विवरण-पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले आफ्नो जारी पूंजी रु.२०,००,००,०००/–(अक्षरेपी बीस करोड रुपैया मात्र) मध्ये जारी पूँजीको २० प्रतिशत अर्थात रु.४,००,००,०००/–(अक्षरेपी चार करोड रुपैया मात्र) रकम बराबरको रु.१००/–अंकित दरको ४,००,००० कित्ता सर्वसाधारणलाई र आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) संखुवासभा जिल्लालाई निष्काशन गरी विक्री नभएको रु १,८०,५८,०००/– (अक्षरेपी एक करोड अस्सी लाख अन्ठाउन्न हजार रुपैया मात्र) रकम बराबरको रु.१००/–अंकित दरका १,८०,५८० कित्ता शेयर गरी कूल रु.५,८०,५८,०००/–(अक्षरेपी पाँच करोड अस्सी लाख अन्ठाउन्न हजार रुपैया मात्र)) रकम बराबरको रु.१००/– अंकित दरका ५,८०,५८० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात ५८,०५८ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुलाई, २ प्रतिशत अर्थात ११,६१० कित्ता शेयर कर्मचारीलाई र ५ प्रतिशत अर्थात २९,०३० कित्ता शेयर सामूहिक लगानी कोषको लागि संरक्षण गरिएको र बाँकी ४,८१,८८२ कित्ता शेयर सर्वसाधारणलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गर्नेछ। **संस्थापक, सञ्चालक तथा आयोजना प्रभावित क्षेत्रका वासिन्दालाई जारी गरेको शेयर खरिद गरेकाले सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन्।**

**दरखास्तसाथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

**नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | आ.व. २०७८/७९ | प्रोभिजनल आ.व. २०७९/८० को असोज मसान्त | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८४.४८ | ८७.०६ | ८८.४८ | ८९.८८ | ९५.४४ | १०१.५० | १०३.६३ |
| प्रति शेयर आम्दानी (रु.) | (४.८३) | २.५८ | १.४३ | १.४० | ४.४७ | ६.०५ | ७.१३ |
| संचित नाफा/नोक्सानी (रु.) | (२३,६७४) | (२०,०६१) | (१८,०६३) | (१६,१०७) | (९,११५) | २,९९३ | ७,२६१ |

**जलविधुत आयोजनाको कुल लागत विवरण** : यस तल्लो पिलुवा खोला साना जल विद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत (Interest During Construction) सहित रु.१४,३९,९०,८८९।- रहेको छ।

**प्रति मेगावाट लागत सम्बन्धी विवरण :** यस तल्लो पिलुवा खोला साना जल विद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको प्रति मेगावाट लागत रु.१४,५४,४५,३४२।- रहेको छ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :** एक मेगावाट भन्दा साना आयोजना भएकोले यस आयोजनाको उत्पादन अनुमतिको बहाल रहने अवधि तोकिएको छैन।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :** साथै लगानी फिर्ता हुने अवधि ९.०९ वर्ष र (Discounted Pay Back Period) २९.८६ वर्ष रहेको छ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरण-पत्रको **दफा ग.८.** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरण(पत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई “CARE-NP BB+(Is) (Double B Plus (Issuer)" रेटिङ्ग प्राप्त गरेको छ । “CARE-NP BB+ (Is) (Double B Plus (Issuer)" ले कम्पनीको वित्तिय दायित्व वहन गर्ने क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "CARE-NP AAA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ। मिति ०५ अप्रील २०२२ मा प्रदान गरेको छ  र सो रेटिङको बहाल अवधि १ वर्ष सम्म रहेको छ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ।

**आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा कर्मचारीहरुलाई बिक्रि वितरण गरिने शेयर सर्बसाधारणका लागि निष्काशन गरी शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन।**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७९/०८/०७
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्रदर्ता भएको मिति : २०७९/०८/२३

निष्काशन खुल्ला हुने मिति : २०७९/०९/०६
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/०९/२०

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

**मुक्तिनाथ क्यापिटल लिमिटेड**
नारायणचौर नक्साल, काठमाण्डौं।
फोन नं.: ४५४६१०८, ४५४६४७०
Email: info@muktinathcapital.com,
Website:www.muktinathcapital.com

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौंलाई सम्झनु पर्दछ ।

ग) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी शुभम पावर लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर बुझाउँदछ ।

ङ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

च) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

ज) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले शुभम पावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन सम्झनु पर्दछ ।

झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ञ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउंदछ ।

ट) **"लगानी फिर्ता हुनेअवधि (**Pay Back Period)" भन्नालेलगानीकर्तालेआफुलेलगानी गरेकोरकम फिर्ता भुक्तानी हुने अवधी भन्नेसम्झनुपर्दछ । जसलाई वर्षमा व्यक्त गरिन्छ । "साधारण लगानी फिर्ता हुनेअवधी" भन्नालेपरियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहलेभाग गर्दा आउनेभागफल लाई जनाउँदछ र "डिस्काउण्टमा लगानी फिर्ता हुनेअवधी" भन्नालेपरियोजनामा भएकोकुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुनेबार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा (Discount Rate) वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएकोकुल लगानीलाई भाग गर्दा आउनेभागफललाई जनाउँदछ। यसलेमुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा आयोजनाकोलगानी फिर्ता हुन्छ भन्नेकुरा बुझाउँछ ।

ठ) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनैपनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई जनाउँदछ ।

ड) **"खुद सम्पत्ति (नेट वर्थ)"** भन्नाले संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ । **यसमा कम्पनीको अमुर्त सम्पती समावेश हुने छैन** ।

ढ) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँदछ ।

ण) **"विप्रेषण (रेमिट्यान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

**ख.२.विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं । |
| २. | शुभम पावर लिमिटेड, कमलादी, काठमाण्डौं । |

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.muktinathcapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाइटमा : www.shuvamhydro.com वा नेपाल धितोपत्र बोर्डको वेभसाइट : www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुने छ ।

| सि.न. | दरखास्त फारम प्राप्त बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण तथा संचालन गरिएको अनलाईन सफ्टवेयर "Mero Share" प्रयोग गरी सि–आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

### ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई शुभम पावर लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ग.२.संगठित संस्थाको उद्घोषण :

#### ग.२.१.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

#### ग.२.२.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस शुभम पावर लिमिटेडले प्रकाशित गरेको विवरण–पत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

#### ग.२.३.नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः नेपाल धितोपत्र बोर्ड कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बिद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै मिति २०७८/१२/१३ को कम्पनी रजिष्ट्रार कार्यालयको पत्र बमोजिम कम्पनीको आ.व. २०७७/०७८ को कम्पनी अध्यावधिक भएको समेत जानकारी गराउँदछौं ।

#### ग.२.४.संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन्।
५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।
६. कम्पनी ऐन, २०६३ को दफा ८९ बमोजिम कम्पनीको संचालकहरु कम्पनीको संचालक हुन अयोग्य नरहेको ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि**

**(क) संगठित संस्थाको नाम :** शुभम पावर लिमिटेड **(Shuvam Power Ltd.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्लाका का.म.न.पा.वडा नं २८., कमलादी, काठमाडौंमा रहेको छ । सम्वन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) जलविद्युत केन्द्र :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. ०९ (साविकको बानेश्वर गा.वि.स. वडा नं. १ र ५) मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापना काल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले निजीक्षेत्रका उद्यमीहरु मिलेर यस शुभम पावर लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६१ साल असार २२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७२ साल पौष १४ गतेदेखि कम्पनी ऐन,२०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

२. हाल यस कम्पनीमा ४० जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिकक्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई “क” वर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लावासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०% शेयर “क” वर्गका संस्थापक शेयरधनी तथा ३०% “ख” वर्गका सर्वसाधारणहरुमध्ये, ०.९७% प्रतिशत उद्योग प्रभावित क्षेत्र संखुवासभा जिल्लाका रितपूर्वक आवेदक १५६ जना स्थानीय वासिन्दाहरुलाई मिति २०७५/०४/१६ गतेका दिन १९,४२० कित्ता अथार्त रु.१९,४२,०००/- बराबरको शेयर बाँडफाँड गरिएको छ र स्थानिय बसिन्दा तथा उद्योग प्रभावित क्षेत्रका बसिन्दाले नलिई बाँकी रहेको शेयर १,८०,५८० कित्ता शेयर र सर्वसाधारणहरु (कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्रीका लागि रहेको शेयर ४,००,००० कित्ता शेयर गरी जम्मा ५,८०,५८० कित्ता शेयर बाँडफाँट गर्ने व्यवस्था गरिएको छ । मिति २०७६/०२/०७ गतेका दिन पत्र संख्या नि.व्य.वि./सं.वि.शा/२०७५/७६च.नं. १८६३ को नेपाल धितोपत्र बोर्डको पत्र बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार विद्युत नियमन आयोग गठन भई कार्य संचालन सुरु गरेको र उक्त आयोगको कार्यक्षेत्र विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ अनुसार हुने भएकोले सोहि अनुसार गर्न गराउन उक्त आयोगको मिति २०७६/०२/०५ को संलग्न बमोजिको पत्रबाट अनुरोध भई आएको व्यहोरा बमोजिम उक्त नियमावलीको नियम ४५ बमोजिम विद्युत उत्पादन प्रसारण, वितरण व्यापारको काम गर्न अनुमति प्राप्त कम्पनी वा संस्थाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न आयोगको पूर्व स्विकृत लिनुपर्ने व्यवस्था रहेकोले सो स्विकृत लिन केहि कारणबस ढिला हुन गएकोले सर्वसाधारणलाई शेयर निष्काशन गर्न ढिला हुन गएको हो ।

४. यस कम्पनीले संखुवासभा जिल्लाको चैनपुर न.पा. वडा नं. ९ स्थित पिलुवा खोला साना जलविद्युत आयोजनाबाट ९९० किलोवाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप पिलुवा खोला जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६४/१२/२१ गतेका दिन प्राप्त गरेको हो ।

५. यस कम्पनीले आयोजना निर्माण सम्पन्न गरि मिति २०६८ साल श्रावण १ गते बाट व्यापारिक उत्पादन शुरु गरेको छ ।

६. यस तल्लो पिलुवा खोला साना जल विद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत (Interest During Construction) सहित रु.१४,३९,९०,८८९।- रहेको छ र प्रति मेगावाट लागत रु.१४,५४,४५,३४२।- रहेको छ । साथै लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.०९ र (Discounted Pay Back Period) २९.८६ वर्ष रहेको छ। एक मेगावाट भन्दा साना आयोजना भएकोले यस आयोजनाको उत्पादन अनुमतिको बहाल रहने अवधि तोकिएको छैन ।

***Amount in NRS '000***

**Cost of Capital 11.25%**

| Year | Profit After Tax | Depreciation | Interest | Bonus | Annual Cash Flow | Cummulative Cash Flows | DF | Discounted Cash Flow | Cummulative Discounted Cash Flows |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | | | | | (२१८,५४३,७१२) | (२१८,५४३,७१२) | १ | (२१८,५४३,७१२) | (२१८,५४३,७१२) |
| १ | ८,९४८,१३९ | ४,४७०,५९६ | ६,७५०,३३३ | २०२,९०६ | २०,३७१,९७४ | (१९८,१७१,७३८) | १ | १८,३११,८८७ | (२००,२३१,८२५) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | १२,१०७,९८२ | ४,३०४,३७४ | ३,४३०,१४५ | २७४,५५७ | २०,११७,०५८ | (१७८,०५४,६८०) | १ | १६,२५४,१५६ | (१८३,९७७,६६९) |
| ३ | १४,२६७,८८१ | ४,१६३,८८३ | २,९०२,४२५ | ३१९,४४२ | २१,६५३,६३१ | (१५६,४०१,०४९) | १ | १५,७२६,४४९ | (१६८,२५१,२२०) |
| ४ | १४,८५१,७५७ | ४,०४५,०८३ | २,३२४,२८८ | ३३२,२७२ | २१,५५३,४०० | (१३४,८४७,६४९) | १ | १४,०७०,७०० | (१५४,१८०,५२०) |
| ५ | १३,८१७,८३८ | ३,९४४,५८२ | १,६७७,१३२ | ३४२,३६५ | १९,७८१,९१६ | (११५,०६५,७३३) | १ | ११,६०८,२९० | (१४२,५७२,२२९) |
| ६ | १७,६३६,२४९ | ३,८५९,५२८ | ९४५,९७६ | ४२२,२७६ | २२,८६४,०३० | (९२,२०१,७०३) | १ | १२,०६०,१४८ | (१३०,५१२,०८१) |
| ७ | १८,६२२,९०१ | ३,७८७,५२१ | १८१,३७३ | ४४४,६८३ | २३,०३६,४७८ | (६९,१६५,२२५) | ० | १०,९२२,३४७ | (११९,५८९,७३४) |
| ८ | १९,१९०,८८१ | ३,७२६,५४१ | – | ४५६,१३३ | २३,३७३,५५५ | (४५,७९१,६७०) | ० | ९,९६१,४९७ | (१०९,६२८,२३७) |
| ९ | १९,६६१,७२८ | ३,६७४,८८३ | – | ४६४,८०१ | २३,८०१,४१२ | (२१,९९०,२५८) | ० | ९,११८,०६२ | (१००,५१०,१७५) |
| १० | २०,१८४,४३८ | ३,६३१,११० | – | ४७४,४५९ | २४,२९०,००७ | २,२९९,७५० | ० | ८,३६४,२५९ | (९२,१४५,९१७) |
| ११ | २०,७६६,२१९ | ३,५९४,०१० | – | ४८५,२५५ | २४,८४५,४८४ | २७,१४५,२३४ | ० | ७,६९०,३७० | (८४,४५५,५४६) |
| १२ | २१,४१४,७६७ | ३,५६२,५५८ | – | ४९७,३५० | २५,४७४,६७५ | ५२,६१९,९०९ | ० | ७,०८७,७५० | (७७,३६७,७९६) |
| १३ | २२,३७२,९८२ | ३,५६२,५५८ | – | २९५,३६४ | २६,२३०,९०४ | ७८,८५०,८१३ | ० | ६,५६०,१३८ | (७०,८०७,६५७) |
| १४ | २३,२६४,५३५ | ३,५६२,५५८ | – | २९१,२५७ | २७,११८,३५१ | १०५,९६९,१६४ | ० | ६,०९६,२५३ | (६४,७११,४०४) |
| १५ | २४,२५८,३८७ | ३,५६२,५५८ | – | २८७,०६७ | २८,१०८,०१३ | १३४,०७७,१७७ | ० | ५,६७९,७५८ | (५९,०३१,६४६) |
| १६ | २५,३६५,०३० | ३,५६२,५५८ | – | २८२,७९४ | २९,२१०,३८३ | १६३,२८७,५५९ | ० | ५,३०५,६३० | (५३,७२६,०१६) |
| १७ | २६,५९६,०१२ | ३,५६२,५५८ | – | २७८,४३६ | ३०,४३७,००६ | १९३,७२४,५६५ | ० | ४,९६९,३७३ | (४८,७५६,६४३) |
| १८ | २७,९६४,०३९ | ३,५६२,५५८ | – | २७३,९९० | ३१,८००,५८७ | २२५,५२५,१५२ | ० | ४,६६६,९६८ | (४४,०८९,६७६) |
| १९ | २९,४८३,०९५ | ३,५६२,५५८ | – | २६९,४५५ | ३३,३१५,१०८ | २५८,८४०,२६० | ० | ४,३९४,८१८ | (३९,६९४,८५८) |
| २० | ३१,१६८,५६८ | ३,५६२,५५८ | – | २६४,८३० | ३४,९९५,९५६ | २९३,८३६,२१६ | ० | ४,१४९,७०७ | (३५,५४५,१५१) |
| २१ | ३३,०३७,३८९ | ३,५६२,५५८ | – | २६०,११२ | ३६,८६०,०५९ | ३३०,६९६,२७५ | ० | ३,९२८,७६१ | (३१,६१६,३९०) |
| २२ | ३५,१०८,१९० | ३,५६२,५५८ | – | २५५,३०० | ३८,९२६,०४८ | ३६९,६२२,३२३ | ० | ३,७२९,४०८ | (२७,८८६,९८२) |
| २३ | ३७,४०१,४७० | ३,५६२,५५८ | – | २५०,३९१ | ४१,२१४,४१९ | ४१०,८३६,७४२ | ० | ३,५४९,३४९ | (२४,३३७,६३३) |
| २४ | ३९,९३९,७८५ | ३,५६२,५५८ | – | २४५,३८५ | ४३,७४७,७२८ | ४५४,५८४,४७० | ० | ३,३८६,५३१ | (२०,९५१,१०२) |
| २५ | ४२,७४७,९५३ | ३,५६२,५५८ | – | २४०,२७८ | ४६,५५०,७८९ | ५०१,१३५,२५९ | ० | ३,२३९,११६ | (१७,७११,९८६) |

| | |
|---|---|
| **Simple Payback Period (Years)** | ९.०९ |
| **Discounted Payback Period (Years)** | २९.८६ |

| | |
|---|---|
| Net Present Value (NPV) | १८,८०५,८७७ |
| Internal Rate of Return (IRR) | १२.३६ % |
| B/C Ratio / Profitability Index | १.१० |

७. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. ९ (साविकको चैनपुर गा.वि.स. वडा नं. १ र बानेश्वर गा.वि.स. वडा नं. ५)मा ९९० किलोवाट क्षमताको तल्लो पिलुवा खोला जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजना संचालन भैरहेको छ ।

८. कम्पनीले निर्माण गरेको तल्लो पिलुवा खोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६४ साल कार्तिक २१ गते विद्युत खरीदबिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । उक्त सम्झौताको पहिलो संशोधन मिति २०६९ साल पौष २६ गते भएको छ।

९. कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरिद-बिक्रीसम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

९.१. पिलुवा खोला जलविद्युत आयोजनाबाट वार्षिक ६८,४२,०३६ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि

५३,५०,९३८ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी १४,९१,०९८ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

९.२. विद्युतको खरीद मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.३.९० (तिन रुपैंया नब्बे पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.५.५२ (पाँच रुपैंया बाउन्न पैसा मात्र) तोकिएको छ ।

९.३ नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

९.४. कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू गरेको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहायबमोजिम हुनेछ :**

(क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र विद्युत बिक्री वितरण गर्ने ।

(ख) नेपालका विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने ।

(ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धि आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रसारण वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ्ग मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धि कार्य गर्ने ।

(घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि गर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

(ङ) जलविद्युत तथा अन्य सौर्य वा वायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने, तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धि परामर्श प्रदान गर्ने गराउने ।

(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धमा स्वदेशी वा विदेशी प्राविधिक तथा ईन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) प्रयोग भएको वा गरिने प्रविधि :जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :सो नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यत् प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थितिःतल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको उत्पादन क्षमता ९९० किलोवाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिएको छ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : संखुवासभा जिल्लाको चैनपुर न.पा.स्थित पिलुवाखोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) गुण नियन्त्रणका लागि गरिएको व्यवस्थाः जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पूर्ण संरचना जस्तै Hydro-Mechanical Works, Electro-Mechanical Works, Headworks, Powerhouse, Transmission Line, Machinary Breakdown and Loss of Profit लगायतका कुरालाई मध्यनजर गरी Insurance गरिएकोरगरिने छ साथै Repair and Maintance को लागि पनि सोही अनुसार व्यवस्थापन गरिएको छ ।

(१०) अनुसन्धान तथा विकास :नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागि आवश्यक कार्यहरु भइरहेको ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान : सो नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरणः सो नभएको ।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः एक मात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ । पिलुवा खोला जलविद्युत आयोजना (९९० किलोवाट) को कूल विद्युत उत्पादन क्षमता रहेको हुँदा यस आयोजनाले बजारको केही अंशलाई मात्र परिपूर्ति गरिरहेको छ। साथै, विद्युतको हाकार भई ठूलो परिमाणमा

उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन भईरहेको हुदा विद्युत बिक्री गर्न बजारको कुनै समस्या रहेको छैन । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गरिरहेको हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) : जलविद्युत केन्द्रमा जडित उपकरणहरु M/s Chongqing Hydropower Equipment Co. Ltd.,China बाट आपूर्ति भएको छ ।

## ग.३.ख. सम्पत्तिको विवरण :

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः** कम्पनीको स्वामीत्वमा पिलुवा खोलामा रहेको प्लाण्ट तथा उपकरणहरु चैनपुर न.पा. वडा नं. ०९ स्थित विद्युतगृह र सव स्टेशनमा जडान भई संचालनमा रहि रहेको अवस्थामा छन् । आ.व. २०७८/७९ को असार मसान्तसम्म कम्पनीको नाममा सृजना भै सकेको चलअचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

रु. हजारमा

| विवरण | जग्गा | भवन तथा स्ट्रक्चरहरु | फर्निचर, कम्प्युटर तथा इक्विपमेन्ट | गाडी | अन्य सम्पत्ती | जम्मा |
|---|---|---|---|---|---|---|
| श्रावण १, २०७८ को अ.ल्या. | ४,१०६ | १५५,७७२ | १,१७६ | ३७८ | १३,१३५ | १७४,५६७ |
| यस अवधिमा खरिद भएको | – | – | ३५ | – | – | ३५ |
| यस अवधिमा विक्री तथा निसर्ग भएको | – | – | – | – | – | – |
| ३२ आषाढ मा जम्मा लागत | ४,१०६ | १५५,७७२ | १,२११ | ३७८ | १३,१३५ | १७४,६०२ |
| **स्थीर सम्पत्तीको ह्रास तथा अन्य नोक्सानी** | | | | | | – |
| श्रावण १, २०७८ को अ.ल्या. | – | १९,२६५ | ३३४ | १२९ | ५,०६८ | २४,७९६ |
| यस अवधिमा भएको ह्रास रकम | – | ३,३८६ | ३३ | ५० | १,२१० | ४,६७९ |
| अन्य कारणबाट भएको क्षति | – | – | – | – | – | – |
| यस अवधिमा विक्री तथा निसर्ग भएको | – | – | – | – | – | – |
| ३२ आषाढ २०७९ मा जम्मा ह्रास रकम | – | २२,६५१ | ३६७ | १७९ | ६,२७८ | २९,४७५ |
| स्थीर सम्पत्तीको वांकी लगत | | | | | | |
| १ श्रावण २०७८ मा भएको वांकी लगत | **४,१०६** | **१३३,१२१** | **८४५** | **१९९** | **६,८५७** | **१४५,१२७** |
| ३२ आषाढ २०७९ मा भएको बांकी लगत | **४,१०६** | **१३६,५०७** | **८४२** | **२४९** | **८,०६७** | **१४९,७७१** |

**(ख) बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्नेः** आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ती आयोजाना संचालन तथा निर्माणको लागि लिएको कर्जाको लागि लिड बैक, एभरेष्ट बैक लि. बानेश्वरको नाममा धितो रहेको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :** लागु नहुने ।

## ग.३.ग. भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।

(२) नयाँ जलविद्युत आयोजना हरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरु सँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशको जनताले भोगिरहेको लोडसेडिङ्गको मारलाई केही हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेको छ ।

(४) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान कसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको व्यवसायको भविष्यः**

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग सँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र आपूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परिरहेको थियो । जलविद्युत

आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस ब्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजना हरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ४ जना |
| समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| व्यावसायिक विशेषज्ञ सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालकहुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्था/व्यावसायिक विशेषज्ञको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ग.३.ङ.** यस कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई "क" वर्गमा र सर्वसाधारण शेयरधनीहरु ( आयोजना प्रभावित जिल्लावासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई "ख" वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०% शेयर "क" वर्गका संस्थापक शेयरधनी तथा ३०% "ख" वर्गका सर्वसाधारणहरुमध्ये, ०.९७% प्रतिशत उद्योग प्रभावित क्षेत्र संखुवासभा जिल्लाका वासिन्दाहरुलाई मिति २०७५/०४/१६ गतेका दिन बाँडफाँड गरिएको छ र मिति २०७८/०२/०७ गते नेपाल धितोपत्र बोर्ड बाट च.नं.१८६३ प्राप्त पत्र बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय अनुसार विद्युत नियमन आयोग गठन भई कार्य संचालन शुरु गरेको र उक्त आयोगको कार्यक्षेत्र बिद्युत नियमन आयोग ऐन २०७४ तथा बिद्युत नियमन आयोग नियमावली, २०७५ अनुसार नियम ४५ बमोजिम बिद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमतिप्राप्त कम्पनी वा संस्थाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न आयोगको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था रहेको हुँदा स्वीकृत लिन विविध कारणले ढिलो हुन गएको हुदा मिति २०७९/०३/२१ मा मात्र प्राप्त हुन गएको हुँदा सर्वसाधारणको लागि शेयर निष्काशन गर्न ढिलाईहुन गएको जानकारी अवगत गर्दछु ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :**

**अधिकृत पुँजी :**कम्पनीको अधिकृत पूँजी रु.२०,००,००,०००/–(अक्षरेपी बिस करोड रुपैया) रहेको छ। उक्त पूँजीलाई रु.१००/– का दरले २०,००,००० (बिस लाख)थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजी :**कम्पनीको जारी पूँजी रु.२०,००,००,०००/–(अक्षरेपी बिस करोड रुपैंया) रहेको छ। उक्त पूँजीलाई रु.१००/–का दरले २०,००,००० (बिस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी** : कम्पनीले आफ्नो जारी पूँजी मध्ये १४,००,००० लाख थान शेयर बापतको प्रति शेयर रु.१००/–का दरले जम्मा रकम रु.१४,००,००,०००/–(अक्षेरुपी चौध करोड रुपैंया मात्र) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी रहेको ६,००,००० लाख कित्ता शेयर रु.१००/–का दरले जम्मा रकम रु.६,००,००,०००/–(अक्षेरुपी छ करोड रुपैंया मात्र) मध्ये रु.२,००,००,०००/–(अक्षेरुपी दुई करोड रुपैया मात्र) बराबरको २,००,००० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि जारी गरिएकोमा रु.१९,४२,०००/–(अक्षेरुपी उनाईस लाख बयालीस हजार रुपैया मात्र) को शेयर १९,४२० कित्तामात्र बिक्री भई बाँकी रहेको शेयर कित्ता १,८०,१८० सार्वजनिक निष्काशनद्वारा सर्वसाधारणलाई जारी गरिनेछ । सर्वसाधारण लाई छुटाइएको रु.४,००,००,०००/–(अक्षेरुपी चार करोड रुपैंया मात्र) बराबरको शेयर ४,००,००० कित्ता र उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुबाट खरिद हुन नसकी बाँकी रहेको रु.१,८०,१८,०००/–(अक्षेरुपी एक करोड अस्सी लाख अठार हजार रुपैंया मात्र) १,८०,१८० कित्ता शेयर गरी रु.५,८०,५८,०००/–(अक्षरेपी पाँच करोड अस्सी लाख अन्ठाउन्न हजार रुपैया मात्र)) रकम बराबरको रु.१००/– अंकित दरका ५,८०,५८० कित्ता साधारण शेयर सर्वसाधारणलाई निष्काशन गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२०,००,००,०००/–(अक्षेरुपी बिस करोड रुपैंया) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

| क्र.सं. | विवरण | मिति २०७३/०५/२७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम |
|---|---|---|
| १. | अधिकृत पूँजी | रु.२०,००,००,०००/– |
| २. | जारी पूँजी | रु.२०,००,००,०००/– |
| ३. | चुक्ता पूँजी | रु.१४,००,००,०००/– |

**(ख) निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | क | १४,००,००० | १४,००,००,०००/– | ७०% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी (स्थानीय) | ख | १९,४२० | १९,४२,०००/– | ०.९७% | मिति २०७५/०४ /१६ मा बाँडफाँड गरिएको |
| ३ | सर्वसाधारण शेयरधनी (वैदेशिक रोजगारीमा रहेका नेपाली,कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत) | ख | ५,८०,५८० | ५,८०,५८,०००/– | २९.०३% | निष्काशन पश्चात् |
| | **जम्मा** | | २०,००,००० | २०,००,००,०००/– | १००% | |

**नोट : संस्थापक तर्फको शेयर चुक्ता भइसकेको तथा उद्योग प्रभावित स्थानिय बासिन्दा तर्फको शेयर २,००,००० कित्ता मध्ये मात्र १९,४२० कित्ताको रु १९,४२,०००/- (अक्षेरुपी उनाईस लाख बयालीस हजार रुपैंया)को शेयर चुक्ता भइसकेको छ भने सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।**

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| नाम | ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव/पूर्व र हाल कार्यरत |
|---|---|---|---|---|---|---|---|
| सौरभ गुरागाई | महाकाल ०६ काठमाडौं | संस्थापक | ३५ | नेपाली | १,५०,००० | MBBS | डाक्टर |
| प्रदिप कुमार पौडेल | का.म.न.पा. -0१ | संस्थापक | ६३ | नेपाली | ५०,००० | आई.ए. | शेयर कारोबार |
| वाङ्गेल गुरुङ्ग | का.जि.नागार्जुन न.पा. वडा नं. ०५ | संस्थापक | १३ | नेपाली | ३३,००० | विद्यार्थी | अध्ययनरत |
| भुषण गुरागाई | महाकाल ०६ काठमाडौ | संस्थापक | ३९ | नेपाली | ३,६३,०१४ | डाक्टर | डाक्टर |
| रिलि गुरुङ्ग | का.जि.नागार्जुन न.पा. वडा नं. ०५ | संस्थापक | ५२ | नेपाली | २,७७,५१३ | प्रवेशिका उर्तिण | गृहिणी |
| बिशाल सुवेदी | महालक्ष्मी न.पा. ०४ ललितपुर | संस्थापक | २१ | नेपाली | ५०,००० | बि.सि.ए. | IT सम्बन्धि कार्य गरिरहको |
| सैला श्रेष्ठ | जिल्ला पाल्पा भैरबस्थान -०३ | संस्थापक | ४२ | नेपाली | १,५२,५१३ | स्नातकोत्तर | सनराईज होल्डिङ्स प्रा.लि.मा आवद्ध |
| जमुना पौडेल | का.म.न.पा.वडा नं. ०३ | संस्थापक | ६० | नेपाली | २०,००० | स्नातक | गृहिणी |
| सनराईज होल्डिङ्स प्रा.लि. | थापाथली, काठमाडौ | संस्थापक | - | नेपाली | २०,००० | लागु नहुने | |
| ज्ञानेन्द्र कुमार शर्मा | ईटहरी ०४ सुनसरी | संस्थापक | ५४ | नेपाली | ८६,००० | MBBS/MD | ३० वर्षको अनुभव |
| असोक कुमार सराफ | का.म.न.पा वडा नं. ३४ | संस्थापक | ६९ | नेपाली | २०,००० | बि.कम. | व्यापार |
| किशन कुमार खेडिया | सुनसरी ईटहरी -0१ | संस्थापक | ५८ | नेपाली | १६,२०० | बि.कम. | व्यापार |
| ईश्वर भट्टराई | सुनसरी ईनरुवा-0९ | संस्थापक | ५७ | नेपाली | १४,४०० | | व्यापार |
| रविन सुवेदी | सुनसरी ईटहरी -0४ | संस्थापक | ३६ | नेपाली | २०,५६० | बि.बि.एस. | व्यापार |

**संचालकहरुको विवरण**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | श्री मित्रलाल श्रेष्ठ का.म.न.पा.४, काठमाण्डौं । | अध्यक्ष | ५५ | नेपाली | १०,००० | स्नातकोत्तर अर्थशास्त्र र स्नातकोत्तर व्यवसाय प्रशासन | सिभिल बैंक लि.मा ४वर्ष संचालक भइ कार्य गरेको हाल आबद्ध नभएको । बैदेशिक संस्था सीबीएम (cbm.org) मा वित्तीय क्षेत्रमा ३ वर्षको अनुभव DFID मा १३ वर्षको कार्यअनुभव JICA मा ४ वर्षको कार्यअनुभव |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | श्री सुभाष अमात्य<br>बीरगंज म.न.पा. ११, बीरगंज । | सञ्चालक | ४२ | नेपाली | २०,००० | स्नातकोत्तर | विगत १५ वर्षदेखि विभिन्न व्यवसायमा संलग्न ।<br>संस्थापक अध्यक्षः सनराईज होल्डिङ्गस् प्रा. लि.<br>संचालकः प्रभु लाइफ इन्सुरेन्स लि. |
| ३. | श्री दिनेश गुरुङ्ग | सञ्चालक | ४७ | नेपाली | २०,००० | प्रवेशिका उर्तिण | प्रबन्ध संचालक तिलिचो ब.स.सं. लि.<br>संचालक अध्यक्ष मोरगन ईन्भेष्टमेन्ट प्रा.लि.<br>अध्यक्ष दिपेश रियल स्टेट प्रा.लि.<br>प्रवर्धक प्रभु हेलिकप्टर र प्रभु क्यापिटल |
| ४. | श्री मन्जु सिँह | सञ्चालक | ५४ | नेपाली | १०,००० | स्नातकोत्तर | समाजिक विकास क्षेत्र |

प्रचलित कानूनको अधिनमा रहि सर्वसाधारणहरुलाई शेयर बाँडफाँड गरे पश्चात आगामी साधारण सभाबाट यसै क्षेत्रसँग विज्ञलाई स्वतन्त्र संचालकलाई नियूक्ति गरिने छ ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुले सम्म) :**

| क्र.स. | संस्थापक कम्पनीको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| १. | सनराईज होल्डिङ्स प्रा.लि.,<br>थापाथली, काठमाण्डौं । | अध्यक्ष : श्री सुभाष अमात्य, इमाडोल ३, ललितपुर ।<br>संचालक : श्रीमती शैला श्रेष्ठ, भैरवस्थान, पाल्पा । |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री सुभाष अमात्य, संचालक | अध्यक्षः सनराइज होल्डिङ्गस् प्रा.लि<br>अध्यक्ष. प्रभु लाईफ ईन्स्योरेन्स लि.<br>प्रबन्ध संचालक. प्रभु हेलिकप्टर प्रा.लि. |
| २. | श्री दिनेश गुरुङ्ग | प्रबन्ध संचालक तिलीचो ब.स.स. लि.<br>संचालक अध्यक्ष मोरगन ईन्भेष्टमेन्ट प्रा.लि.<br>अध्यक्ष दिपेश रियल स्टेट प्रा.लि.<br>संस्थापक प्रभु हेलिकप्टर, प्रभु क्यापिटल लि. |

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्काशन निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमादफा २९को उपदफा ३ मा भएको व्यबस्था बमोजिम शेयरबिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधिभित्र शेयरधनी/हितग्राहीको धितोपत्र निजहरुको हितग्राही खातामा पठाउने व्यवस्था मिलाइनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयरको बाँडफाँड पश्चात धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र सूचिकरण गराई शेयर खरिद र बिक्रीको व्यवस्था मिलाइनेछ साथै सूचिकरण पश्चात आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधी सम्म खरिद बिक्री गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः** प्रत्याभुतिकर्ता श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं। प्रत्याभूति गरिएको शेयर संख्या ५,८०,५८० कित्ता र रकम रु. ५,८०,५८,०००।- ( अक्षेरुपी पाँच करोड अस्सी लाख अन्ठाउन्न हजार रुपैया मात्र )।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु** :कम्पनी र प्रत्याभूतिकर्ता श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं बीच मिति २०७८/१२/१३ मा भएको प्रत्याभूतिकर्ता नियुक्ति सम्बन्धी सम्झौतापत्र मा भएका मुख्य बुँदाहरु निम्न रहेका छन् :

१. प्रथम पक्ष (कम्पनी)ले सर्वसाधारणमा निष्काशन गर्न लागेको रु.१००/- अंकित दरका ५,८०,५८० कित्ता शेयर बराबर रकम रु. ५,८०,५८,०००।- (अक्षेरुपी पाँच करोड अस्सी लाख अन्ठाउन्न हजार रुपैया मात्र ) दित्तीय पक्ष ( श्री प्रभु क्यापिटल लिमिटेड)ले प्रत्याभूति गर्न मञ्जुर गर्दछ।
२. सर्वसाधारणबाट माथि उल्लेखित निष्काशन कम्पनीको खरीद प्रत्याभुति गरिएका शेयरहरू आशिंक वा पूर्ण रुपमा खरीद नभएको अवस्थामा दित्तीय पक्षले प्रत्याभूती प्रतिवद्धता बमोजिम शेयर खरीद गर्न मञ्जूर गर्दछ।
३. दित्तीय पक्षले यस सम्झौतापत्र बमोजिम शेयर खरीद गर्नुपर्ने अवस्था आएमा प्रत्याभूति गरिएको शेयरको रकम निष्काशन कम्पनीले माग गर्नासाथ निष्काशन कम्पनीलाई निःशर्त चुक्ता गर्न मञ्जूर गर्दछन्। त्यसैगरी, दित्तीय पक्षले निष्काशन कम्पनीलाई रकम भुक्तान गरेपछि निष्काशन कम्पनीलाई सो रकम बराबरको शेयर स्वामित्व प्रचलित कानून बमोजिम दित्तीय पक्षको हितग्राही खातामा उपलब्ध गराउन मञ्जुर गर्दछ।
४. पक्षहरुको काबु बाहिरको परिस्थिती, नियमनकारी निकायले निष्काशन कम्पनीलाई नियन्त्रणमा लिएमा, नियामक निकायले तत्कालै सुधारको निमित्त कारवाही प्रारम्भ गर्ने निर्देशन दिएमा, दामासाहीमा जाने निर्णय गरेमा, टाट उल्टेमा, सञ्चालन इजाजतपत्र निलम्बन वा खारेज भएमा, कुनै पनि अनियमितताको अनुसन्धान भएमा जस्ता कुनै असाधारण अवस्था उत्पन्न भएमा सम्झौतापत्र मान्य हुने अवधि वा खरीद प्रत्याभूति सम्झौता कार्यान्वयन हुनु अगावै

कुनैपनि विन्दुमा यस सम्झौतापत्र खारेज भएको मानिनेछ । साथै, निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको निष्काशन प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा प्रत्याभूतिकर्ताहरु प्रत्याभूत गर्न बाध्य हुने छैनन् । तर कम्पनीको नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने शेयरको कारोवारको सिलसिलामा बजार मूल्यमा हुने घटी बढीको कारणबाट हुने जोखिम वहन गर्न प्रत्याभूतिकर्ता मञ्जुर गर्दछन् ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरण-पत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.२८, कमलादी, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेडको कार्यालय, नारायण चौर नक्साल, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको सि-आस्बा (C ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५,००० (पाँच हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि धितोपत्र बाँडफाँट निर्देशिका २०७४ को दफा २१(२) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

९. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१०.आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।
घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।
ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

११. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।
१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१३. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१४. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।
१५. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
१६. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१७. रु.५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५ लाख वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
१८ वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जानेगरी ५००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**सर्वसाधारणहरुको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।
२. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।
३. आवेदकले आबेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनु पर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दरस्तखत, सम्पर्क फोन नं., इमेल ।
ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आबेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११.धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२.धितोपत्र बाँडफाट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३.सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आबेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

१४. शेयर बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आबेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यबस्था गरिनेछ ।

१५.रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : यस कम्पनीले NGPL Int'l Pvt. Ltd. लाई रु. १.६८ करोड र River Falls Power Ltd. बाट रु १.६६७०३३८ करोड आर्थिक साझेदारीको रुपमा भुक्तानी गरीएको र यहि आर्थिक वर्ष २०७९/०८० मा दुबै कम्पनी बाट फिर्ता गराउने प्रक्रियामा रहेको छ ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरण-पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

## ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था आर.टी.एण्ड एसोसियट्स, तिनकुने, काठमाण्डौ रहेको छ ।

आ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैक (Banker to The Issue) को रुपमा नियूक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | बैंक खाता नं. |
|---|---|---|
| १. | मुक्तिनाथ विकास बैक लिमिटेड, कमलादी, काठमाडौं | ०१३१०४००४०६५३२००००२८ |

इ) यस विवरण-पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री आर.टी.एण्ड एसोसियट्सले प्रमाणित गरेको छ ।

**(ख)माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो निम्न बमोजिम भएको :

**१**) यस कम्पनीले कन्सोर्टियम ऋण एभरेष्ट बैंक लि., नेपाल एसबीआई बैंक र प्रभु बैंक लि.बाट ऋण सम्झौता गरी हस्ताक्षर गरेको छ ।

**२**) कम्पनीले उपरोक्त बैंकहरुला ई यहि असोज मसान्तसम्म भुक्तानी गर्न बाँकि ऋृण रु.९,३५,४२,९२५।- रहेको छ भने उक्त ऋणको भुक्तानी अवधि आगामी १२ वर्ष सम्म कायम रहेको छ ।

**३**) नेपाल विद्युत प्राधिकरण र यस कम्पनीले मिति २०६४/०७/२१ मा विद्युत खरीद विक्रि सम्झौतामा हस्ताक्षर भएको छ ।

**४**) विद्युत खरीद विक्रि सम्झौतामा प्रति युनिट वर्षा याममा रु.३.९० र सुक्खायाममा रु.५.५२ प्राधिकरणले कम्पनीलाई भुक्तान गर्ने उल्लेख गरिएको छ ।

**५**) यस कम्पनीले धितोपत्र निष्काशनको लागि श्री मुक्तिनाथ क्यापिटल लि. नारायणचौर, नक्सालमलाई नियुक्त गरी कार्य अगाडि बढाएको छ ।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः**
यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी तथा एभरेष्ट बैंक लिमिटेडको अगुवाईमा प्रभु बैक लिमिटेड र नेपाल एसबीआई बैंक लिमिटेडबाट सहवित्तियकरण ऋण व्यवस्थापन गरिएको छ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ ।लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् :
सम्पर्क व्यक्तिको नाम : मनिष शाही
फोन नं.:४५४६१०८, ४५४६४७० www.muktinathcapital.com

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | परिवर्तन भएको संचालकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १ | नभएको | नभएको | नभएको |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
भोजपुर जिल्ला, षडानन्द न.पा. वडा नं. ०४, निवासी कानुनमा स्नातक शैक्षिक योग्यता हासिल गरी जलविद्युत क्षेत्रमा करिब ४ वर्षको कार्य अनुभव हासिल गर्नु भएका श्री लोकनाथ चापागाई कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीको मिति २०७८/०९/२४ गते बसेको सातौ वार्षिक साधारण सभाको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको कम्पनीको जारी पुँजी मध्येको ३० प्रतिशत शेयर प्रचलित धितोपत्र सम्बन्धी ऐन बमोजिम विक्री गर्ने निर्णय गरेको छ । जसमध्ये १० % अर्थात रु २,००,००,०००/- (अक्षेरुपी दुई करोड रुपैया मात्र) रकम बराबर प्रति शेयर रु १००/- अंकित दरको २,००,००० कित्ता साधरण शेयर आयोजना प्रभावित (उद्योग प्रभावित) क्षेत्रका स्थानिय वासिन्दाहरुको लागि छुट्टाइएकोमा जम्मा १९,४२० कित्ता मात्र बिक्री भई मिति २०७५/०४/१६ गतेका दिन बाँडफाँड गरी विक्री नभएको रु १,८०,५८,०००/– (अक्षेरुपी एक करोड अस्सी लाख अन्ठाउन्न हजार रुपैया मात्र)) रकम बराबरको रु.१००/–अंकित दरका

१,८०,५८० कित्ता शेयर कूल गरी रु.५,८०,५८,०००/–(अक्षेरुपी पाँच करोड अस्सी लाख अन्ठाउन्न हजार रुपैया मात्र)) रकम बराबरको रु.१००/– अंकित दरका ५,८०,५८० कित्ता शेयर सर्वसाधरणलाई सार्वजनिक निष्काशन गरिने निर्णय गरिएको छ। साथै सो कार्यको लागि मुक्तिनाथ क्यापिटल लि.,नारायणचौर,नक्साल, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्ति गर्ने निर्णय गरेको छ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** आयकर ऐन २०५८ दफा ११(३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो दश (१०) वर्ष सम्म पुरै र त्यस पछिको पाँच (५) वर्षमा ५० प्रतिशत आयकर छुट पाउने छ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं.२८, कमलादी, काठमाण्डौं।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को अधिनमा रही बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण-पत्र मार्फत निष्काशन गरिने ५,८०,५८० कित्ता साधारण शेयरहरुमध्ये १० प्रतिशत अर्थात ५८,०५८ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नेपालीहरुलाई, कर्मचारीहरुका लागि २ प्रतिशत अर्थात ११,६१० कित्ता शेयर र सामूहिक लगानी कोषका लागि ५ प्रतिशत अर्थात २९,०३० कित्ता शेयर सुरक्षित गरिएको र बाँकी ४,८१,८८२ कित्ता शेयर सर्वसाधारणहरुका लागि सार्वजनिक निष्काशन गरिएको।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट आबेदन दिनसक्ने व्यवस्था गरिएको छ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई “CARE-NP BB+(Is) (Double B Plus (Issuer)" रेटिङ्ग प्राप्त गरेको छ । “CARE-NP BB+ (Is) (Double B Plus (Issuer)" ले कम्पनीको वित्तिय दायित्व वहन गर्ने क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "CARE-NP AAA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ। मिति ०५ अप्रील २०२२ मा प्रदान गरेको छ र सो रेटिङको बहाल अवधि १ वर्ष सम्म रहेको छ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणत्रप तयार गर्ने व्यावसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौमा रहेको छ।

**(ड) सकारात्मक पक्षहरु :**

१) तल्लो पिलुवा खोला साना जल विद्युत आयोजना ९९० किलोवाट बाट प्राप्त हुने विद्युत बिक्रीको आम्दानीमा कुनै पनि वर्ष आयकर नलाग्ने हुँदा लाभाशं दर बढी रहेको।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस वित्तीय संस्थाको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**ण) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई छ वर्षको अवधि पूरा गरेको : कम्पनीले मिति २०७२ साल पौष १४ गते नेपाल सरकार, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता प्रा.लि.बाट पब्लिक लिमिटेडमा परिणत भई आफ्नो उद्देश्य अनुसारको कारोवार संचालन गरिरहेको छ ।

(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको : कम्पनीले पछिल्लो पटक मिति२०७८ साल पुष २४ गते साधारण सभा सम्पन्न गरी आ.व. २०७७/०७८ सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गरिसकेको छ । उक्त साधारण सभाले श्री आर. टी एण्ड एसोसिएटस्लाई आ.व. २०७८/०७९ को लागि लेखापरिक्षक नियुक्त गरियो ।

(३) आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमाजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति दिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको : कम्पनीले तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि २०६५/०१/०३ मा विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी आयोजना निर्माण सम्पन्न गरेको छ ।

(४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावरहाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य सम्पन्न भइसकेको : कम्पनीले तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावर हाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक संरचनाहरु निर्माण सम्पन्न भइसकेको छ ।

(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा भइसकेको : कम्पनीले तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने सम्पूर्ण कार्य सम्पन्न भइसकेको तथा विगत २०६८ साल देखि विद्युत उत्पादन गरिरहेको ।

(६) धितोपत्रको सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भई सकेको : कम्पनीको प्रवन्धपत्रमा उल्लेख भइ अनुसारको साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्नका लागि निष्काशन तथा विक्री प्रवन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तीसार मार्ग, कमलादी, काठमाण्डौंसँग सम्झौता गरिएको छ ।

(७) आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको : तल्लो पिलुवा खोला साना जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिए बमोजिम राख्न सहमत छौं ।

(८) संस्थापकहरुले लिन कवुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको : संस्थापकहरुको आफूले लिन कवुल गरेको १४ लाख कित्ता शेयर कित्ताको प्रति शेयर रु.१००।- (का दरले रु.१४,००,००,०००।- (अक्षरेपी रु चौध करोड मात्र) शतप्रतिशत चुक्ता भईसकेको छ ।

(९) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको : तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि श्री एभरेष्ट बैक लिमिटेडको अगुवाइमा मिति ६ जुलाइ २००८ मा सहवित्तियकरण मार्फत फाइनान्सियल क्लोजर भइसकेको छ ।

(१०) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको : तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाको लागि सम्पूर्ण कार्य सम्पन्न भइसकेको र श्री नेपाल विद्युत प्राधिकरणसंग मिति २०६४ कार्तिक २१ मा विजुली खरीद विक्रि संझौता सम्पन्न भैसकेको ।

(११) सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको : सर्वसाधारण (स्थानिय बासिन्दा) हरुका लागि निष्काशन गर्न लागेको शेयरमा प्रत्याभूति नगरिएको ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत प्रथम चरणमा नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा आबेदन दिने अवधि १५ (पन्ध्र) दिन हुनेछ । उक्त अबधिमा विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि निष्काशन गरेको शेयर पुरा विक्री नभएमा उक्त विक्री नभएको शेयर समेत थप गरी दोश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउने गरी दोश्रा चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ग.२३. यस विवरण-पत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मित्रलाल श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री सुभाष अमात्य,<br>(प्रतिनिधी : सनराईज होल्डिङ्गस् प्रा.लि.) | संचालक | |
| ३. | श्री मन्जु सिँह | संचालक | |
| ४. | श्री दिनेश गुरुङ्ग,<br>थापाथली, काठमाण्डौं । | संचालक | |

## २४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

Licensed by Securities Board of Nepal
Services :
» Issue Management
» Underwriting
» Portfolio Management
» Share Registrar (RTS)
» Depository Participant
» Corporate Advisory

च.नं.: ४५६/०७९/०८०

मुक्तिनाथ क्यापिटल लि
MUKTINATH CAPITAL LTD

मिति : २०७९/०८/१८

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

काठमाण्डौं जिल्ला, नारायणचौर, नक्सालमा रजिष्टर्ड कार्यालय रहेको शुभम पावर लिमिटेडले प्रति कित्ता रु.१००/- दरको ५,८०,५८० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा सार्वजनिक् निष्काशन मार्फत शेयर जारी गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछु । शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. वित्तीय संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त वित्तीय संस्थाबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा वित्तीय संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा वित्तीय संस्थाद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धित बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. वित्तीय संस्थाले निष्काशन गर्न लागेको शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र र दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी वित्तीय संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट**
**मुक्तिनाथ क्यापिटल लिमिटेड**

**नाम** : कविन्द्र ध्वज जोशी
**पद :** प्रमुख कार्यकारी अधिकृत

**सही :**
**कार्यालयको छाप :**

Narayanchaur, Naxal, Kathmandu | Tel: +977-01-4546108, 4546109, 4546470
Email: info@muktinathcapital.com | Website: www.muktinathcapital.com

ग.२५ **विवरण-पत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** संलग्न गरिएको ।


**M Tiwari & Associates**
**Chartered Accountants**

**KIRTIPUR MUNICIPALITY -1**
**TYANLA, P.O. Box 12136**
**KATHMANDU, NEPAL**
**Tel: 4331060 Mob:9861583579**


**Report on Examination of Prospective Financial Information of Shuvam Power Limited**

We have reviewed the projected financial statements of Shuvam Power Limited for the period from Shrawan 01, 2079 to Ashadh 2082 in accordance with the Nepal Standard on Assurance Engagement 3400, "The Examination of Prospective Financial Information", issued by the Institute of Chartered accountants of Nepal.

The preparation and presentation of the projection including the underlying assumptions to the prospective financial information is the responsibility of the management. Our responsibility is to examine the evidence supporting the assumptions and other information in the prospective financial information. Our responsibility dos not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval to issue initial offering (IPO) of shares of the Company. The projection has been prepared under Generally Accepted Accounting Principles (CAAP) using set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that prescribed above

We have carried our examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes as to believe that these assumptions do not provide a reasonable basis for the projections.

Further in our opinion the projection is properly prepared on the basis of the assumptions to the Prospective Financial Information and on a consistent basis with the historical financial statement, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

For M Tiwari & Associates
Chartered Accountants

M. Tiwari & Associates ★ Chartered Accountants ★ Kathmandu Nepal

CA Murali Dhar Tiwari
Principal
Membership No: 64

UDIN Number: 221202CA00064QEaXk

Date: 02 December 2022
Place: Kathmandu, Nepal